संघीय संसद
राष्ट्रिय सभा
पन्ध्रौं अधिवेशन
बैठक-१६
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:१५ बजे*
*बैठक स्थगित : २:५१ बजे*

२०८० चैत ७ गते, बुधबार

---

संघीय संसद, राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशनको सोह्रौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले आकस्मिक समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**मा. सदस्य कृष्ण बहादुर रोकाय**ले यातायात दुर्घटनाले जनधनको क्षति भएको बताउँदै पीडित परिवारलाई समयमै उपचार र क्षतिपूर्तिको माग गर्नुभयो ।

**मा. सदस्य माया प्रसाद शर्मा**ले कर्णाली प्रदेशका विभिन्न स्थानमा सवारी दुर्घटनामा परी ज्यान गुमाउनेहरूको सङ्ख्या बढेको बताउनुहुँदै पीडित परिवारको निःशुल्क उपचार र क्षतिपूर्तिको लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. सदस्य विमला घिमिरे**ले सडक दुर्घटनाका कारण धेरै मानिसहरूले अकालमै ज्यान गुमाउनुपरेको बताउँदै यातायात दुर्घटनालाई समयमै न्यूनीकरण गर्नुपर्ने बताउनुभयो र पीडित परिवारहरूको उपचारका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. सदस्य जयन्ती देवी राई**ले सवारी दुर्घटनाले निम्त्याएको अवस्थालाई सरकारको ध्यानाकर्षण गराउनुहुँदै मृतकहरूको उचित व्यवस्थापन र घाइतेहरूको उपचारका लागि विशेष आग्रह गर्नुभयो । चालकको लापरबाही र पुराना सवारसाधनका कारणले पनि दुर्घटना निम्त्याउने बताउनुहुँदै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. सदस्य मोहम्मद खालिद**ले देशमा सवारी दुर्घटनाले धेरै जनधनको क्षति भएको बताउनुहुँदै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. सदस्य तुल प्रसाद विश्वकर्मा**ले पुराना सवारीसाधन, ट्राफिक नियमको पालना नहुँदा र सवारी चालकको लापरबाहीका कारणले देशका विभिन्न स्थानमा दुर्घटना निम्त्याएको बताउनुहुँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले आकस्मिक समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**मा. सदस्य इन्दिरा देवी गौतम कोशी**ले प्रदेशमा आगलागीले ठूलो जनधनको क्षति भएको बताउनुहुँदै सरकारको ध्यानाकर्षण गराउनुभयो । सडक दुर्घटनामा धेरै मानिसहरूले ज्यान गुमाउनुपरेको बताउनुहुँदै बाटो विस्तार र मर्मतमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**मा. सदस्य जग प्रसाद शर्मा**ले सामाजिक न्यायसहितको समृद्धि र सुशासनले समृद्धि हासिल गर्ने बताउनुभयो । टीआरसी विधेयक छिटो सदनमा ल्याउनुपर्ने बताउनुभयो ।

**मा. सदस्य तुलसा कुमारी दाहाल**ले रोजगार सिर्जना र उत्पादन क्षेत्रमा सरकारको ध्यान नगएको बताउनुभयो ।

**मा. सदस्य भगवती न्यौपाने**ले पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोगी सेवा उपलब्ध गराउनुपर्ने बताउनुभयो ।

**मा. सदस्य माया प्रसाद शर्मा**ले आगलागीले गर्दा जनधनको क्षति भएको बताउनुहुँदै पीडित परिवारहरूलाई सरकारले निःशुल्क उपचार गर्नका लागि आग्रह गर्नुभयो ।

**मा. सदस्य विमला घिमिरे**ले डढेलो र आगलागीले गर्दा धेरै जनधनको क्षति भएको बताउनुहुँदै यसलाई समयमै न्यूनीकरण गर्नुका निम्ति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. सदस्य सुमित्रा बि.सी.**ले सडक दुर्घटनाले निम्त्याएको समस्याबारे सरकारको ध्यानाकर्षण गराउनुभयो । आगलागीबाट हुने जनधनको क्षतिबारे सरकारको ध्यानाकर्षण गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३ को उपनियम (१) बमोजिम कार्यव्यवस्था परापर्श समितिमा रहनुहुने माननीय सदस्यहरूको नाम देहाय बमोजिम रहने गरी मनोनयन गर्नुभयो ।

१. मा. सदस्य आनन्द प्रसाद ढुंगाना
२. मा. सदस्य गोपी बहादुर सार्की आछामी
३. मा. सदस्य तुल प्रसाद विश्वकर्मा
४. मा. सदस्य भगवती न्यौपाने
५. मा. सदस्य मदन कुमारी शाह (गरिमा)
६. मा. सदस्य मोहम्मद खालिद
७. मा. सदस्य शेखर कुमार सिंह

सम्माननीय अध्यक्षले कार्यव्यवस्था परामर्श समितिमा रहनुहुने सदस्यहरूको मनोनयनलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्नुहुँदा सभाबाट सहमति भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका माननीय सभापति सोनाम गेल्जेन शेर्पा लाई "राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र मध्यवर्ती क्षेत्रमा मानव र वन्यजन्तुबीचको द्वन्दको अवस्था अध्ययन प्रतिवेदन, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा सभापतिले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो।

सम्माननीय अध्यक्षले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

सम्माननीय अध्यक्षले "राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र मध्यवर्ती क्षेत्रमा मानव र वन्यजन्तुबीचको द्वन्दको अवस्था अध्ययन प्रतिवेदन, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको

छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा भाग लिन चाहनुहुने देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

१. मा. सदस्य राजेन्द्र लक्ष्मी गैरे
२. मा. सदस्य पदम बहादुर परियार
३. मा. सदस्य गोपाल भट्टराई
४. मा. सदस्य भुवन वहादुर सुनार
५. मा. सदस्य गंगा कुमारी बेल्वासे
६. मा. सदस्य दुर्गा गुरुङ
७. मा. सदस्य नारायण दत्त मिश्र
८. मा. सदस्य कमला पन्त
९. मा. सदस्य नर बहादुर विष्ट
१०. मा. सदस्य उदय बहादुर बोहरा
११. मा. सदस्य सुमित्रा वि.सी.
१२. मा. सदस्य तुलसा कुमारी दाहाल
१३. मा. सदस्य जयन्ती देवी राई
१४. मा. सदस्य विष्णु देवी पुडासैनी

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय वन तथा वातावरण मन्त्री नवलकिशोर साह सुडीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय वन तथा वातावरण मन्त्रीले सभामा जवाफ दिनुभए पश्चात् "राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र मध्यवर्ती क्षेत्रमा मानव र वन्यजन्तुबीचको द्वन्दको अवस्था अध्ययन प्रतिवेदन, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रतिवेदनका सम्बन्धमा माननीय सदस्यहरूले छलफलमा उठाएका विषयहरू र सो सम्बन्धमा माननीय मन्त्रीले जवाफका सिलसिलामा व्यक्त गर्नुभएका विचार समेतका आधारमा "राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र मध्यवर्ती क्षेत्रमा मानव र वन्यजन्तुबीचको द्वन्दको अवस्था अध्ययन प्रतिवेदन, २०८०" मा समावेश भएका सुझावहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देशन गर्नुभयो ।

सम्माननीय अध्यक्षले "आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि सभामा छलफल गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल जारी रहने ब्यहोरा जानकारी गराउनुभयो। उक्त प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउनुभयो।

१. मा. सदस्य जग प्रसाद शर्मा
२. मा. सदस्य कृष्ण प्रसाद पौडेल
३. मा. सदस्य सोनाम गेल्जेन शेर्पा
४. मा. सदस्य जयन्ती देवी राई
५. मा. सदस्य पुजा चौधरी
६. मा. सदस्य मदन कुमारी साह गरिमा
७. मा. सदस्य जितजंग बस्नेत
८. मा. सदस्य गोपी बहादुर सार्की आछामी

तत्पश्चात्, सम्माननीय अध्यक्षले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि सभामा छलफल गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय अर्थमन्त्री वर्षमान पुनलाईआगामी आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय अर्थमन्त्री वर्षमान पुनले जवाफ दिनुभए पश्चात् "आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि

विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि सभामा छलफल गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा माननीय सदस्यहरूबाट सभामा व्यक्त भएका सुझावहरू एकीकृत गरी सचिवालय मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाइने ब्यहोरा जानकारी गराउनुभयो। सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री वर्षमान पुनलाई "सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो।

सम्माननीय अध्यक्षले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो। सम्माननीय अध्यक्षले "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै यस क्रममा विधेयक उपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषंङ्गिक दफाहरूमाथि छलफल गर्ने ब्यहोरा जानकारी गराउनुभयो।

सम्माननीय अध्यक्षले छलफलमा भाग लिनका लागि समय उपलब्ध गराउनुहुँदा देहायबमोजिमका माननीय सदस्यहरूले उक्त छलफलमा भाग लिनुभयो:

१. मा. सदस्य तुलसा कुमारी दाहाल

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले सभामा जवाफ दिनुभए पश्चात् "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो ।

सम्माननीय अध्यक्षले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८० साल चैत १५ गते बिहीवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

पद्मप्रसाद पाण्डेय
महासचिव